लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ | संख्याः१५ | मितिः२०८१/०८/१०


## भाग-२

लेटाङ नगरपालिका

# स्रोत अनुमान तथा सीमा निर्धारण सम्बन्धी कार्यविधि,२०८१

# स्रोत अनुमान तथा सीमा निर्धारण सम्बन्धी कार्यविधि,२०८१

**कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०८।०४**
**प्रमाणिकरण मितिः २०८१।०८।०५**

<u>प्रस्तावना</u>

लेटाङ नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम संघीय सरकार प्रदेश सरकार वा दातृ निकायबाट कानूनसम्मत प्राप्त हुने अनुदान, ऋण वा अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित, यथार्थपरक, अनुमान तथा बजेट सीमा निर्धारण गरी हरेक वर्ष पौष मसान्त भित्र आगामी आ.व. को लागि स्रोत अनुमान र सीमा निर्धारण गर्न पर्ने कानूनी व्यवस्थालाई व्यवस्थित कार्यान्वयनका लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ ले परिलक्षित गरेको विषय कार्यान्वयन योग्य बनाउन,

लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम **"स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि,२०८१"** रहनेछ ।

ख. यो कार्यविधि लेटाङ नगर कार्यपालिकावाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. कार्यविधिको उदेश्यः**

क. नगरपालिकामा हुने आय र व्ययको अनुमानलाई समयमै सम्पन्न गर्ने ।

ख. हरेक वर्षको पौष मसान्त भित्र आगामी वर्षको लागि गरिने आय र व्ययलाई अधिक यथार्थपरक बनाउने ।

ग. बजेट निर्माण तथा कार्यान्वयन प्रकृयालाई सरलिकृत र सहज र अनुमानयोग्य बनाउने ।

घ. नागरिकका अपेक्षासँग बजेट तथा कार्यक्रमको समन्वय स्थापित गराउने ।

ङ. समग्र बजेट तर्जुमा र बाँफाँडका कार्यहरु कानूनले व्यवस्था गरे बमोजिम हुने गरी कार्ययोजना निर्माण गर्ने ।

**३. परिभाषाः**

क. **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख. **"स्थानीय कानून"** भन्नाले लेटाङ नगरपालिकाको नगरसभा/नगर कार्यपालिकाले बनाएको कानून लाई सम्झनुपर्दछ।

ग. **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिकालाई सम्झनु पर्दछ।

घ. **"नगर प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

ङ. **"नगर उप-प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

लेटाङ नगरपालिका, मोरङ

च. **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ. **“कार्यपालिका”** भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ज. **“पदाधिकारी”** भन्नाले लेटाङ नगरपालिकाका निर्वाचित जनप्रतिनिधि सम्झनु पर्दछ ।

झ. **“विषयगत शाखा”** भन्नाले लेटाङ नगरपालिका अन्तरगतका विभिन्न विषयगत शाखा/उपशाखा/ईकाई समेतलाई सम्झनु पर्दछ ।

ञ. **“कार्यविधि”** भन्नाले लेटाङ नगर कार्यपालिकाको स्वीकृत गरी लागू गरिएको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ।

ट. **“वित्तीय हस्तान्तरण”** भन्नाले नेपाल सरकार र कोशी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण सशर्त विशेष र समपुरक अनुदानलाई सम्झनुपर्दछ ।

ठ. **“आन्तरिक ऋण”** भन्नाले नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमा भित्र रहि नगरसभाबाट स्वीकृत गराई उत्पादनशिल रोजगारमुलक आन्तरिक आय बृद्धि तथा पूँजिगत कार्यका लागि लिईने ऋण सम्झनु पर्दछ ।

## परिच्छेद - २
## समिति गठन, काम, कर्तव्य तथा अधिकार

**४. समिति गठनः**

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम तपशिलमा उल्लेखित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरिनेछ ।

क. संयोजक — नगर प्रमुख

ख. सदस्य - नगर उप प्रमुख

ग. सदस्य - कार्यपालिका सदस्य मध्ये महिला दलित तथा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको चार जना कार्यपालिका सदस्यहरु

घ. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुखले सदस्य तोक्दा कार्यापलिकाका आफू सम्बद्ध दलको राजनैतिक दल बाहेकको सदस्य समेत तोक्नुपर्नेछ । तर अन्य दलको सदस्य नरहेमा यो प्रावधान लागु हुने छैन ।

(२) समितिको काम कर्तव्य र अधिकारः स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम कर्तव्य अधिकार तपशिल बमोजिम हुनेछ ।

क. प्रचलित कानूनले व्यवस्था गरेको समय सीमाभित्र हरेक वर्ष आगामी आ.व.को लागि आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

ख. राष्ट्रिय तथा प्रदेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तयार गर्ने,

ग. आगामी वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

घ. विषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

ङ. नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गर्ने,

च. विषयक्षेत्रगत बजेट तर्जुमामा सम्वन्धित मार्गदर्शन तय गर्ने,

छ. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्वन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. समितिको बैठक सञ्चालनः**

क. समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नेछ तर आवश्यकता बमोजिम थप बैठक बस्न सकिनेछ ।

ख. बैठक समितिको संयोजकले सदस्य सचिव मार्फत बोलाउनुपर्नेछ ।

ग. बैठकमा आवश्यकता बमोजिम विषयगत शाखाका प्रमुख वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

घ. बैठक संयोजकको अध्यक्षतामा बस्नेछ र बैठकमा तोकिएका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएपछि सञ्चालन हुनेछ ।

ङ बजेट प्रक्षेपण गर्दा चालु आ.व. का अतिरिक्त आगामी २ वर्षका लागि प्रक्षेपण गर्नुपर्नेछ ।

**६. प्रक्षेपित आय र र व्ययको स्विकृती**

क. समितिले तयार गरेको आगामी बर्षको प्रक्षेपित आय र व्ययको विवरण नगर कार्यपालिका समक्ष स्वीकृतार्थ पेश गर्नुपर्नेछ ।

ख. नगर कार्यापलिकाको बैठकबाट स्वीकृत भए पश्चात सो स्रोत अनुमान तथा बजेट सीमा निर्धारणका आधारमा बजेट तथा कार्यक्रम तयार हुनेछ ।

**७. विविधः**

क. यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम हुनेछ ।कुनै बाधा अड्चन सृजना भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ख. यस कार्यविधि लागु हुनुभन्दा अगाडि समितिले गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ग. प्रचलित ऐनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म यो कार्यविधि स्वत निष्क्रिय हुनेछ।

**आज्ञाले,**
**नारायण न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८१।०८।०५**